स्रोत पुस्तक

# लैंगिकता र जलवायु परिवर्तन



Prakriti Resources Centre

# लैंगिकता र जलवायु परिवर्तनः स्रोत पुस्तक

## कृतज्ञता

यो पुस्तक बोथ एन्डस् नामक संस्थाको आर्थिक सहयोगमा Strengthening CSO Engagement in Nepal's Climate Finance Debate परियोजना अन्तर्गत प्रकाशन गरिएको हो । यसको प्रकाशनका लागि प्रोत्साहित गर्नु हुने टेवा संस्थालाई हामी धन्यवाद व्यक्त गर्दछौं । यो पुस्तक प्रकाशन गर्ने क्रममा संपादनमा सहयोगका लागि विनय धिताल प्रति आभार व्यक्त गर्दछौं साथै नेपालीमा अनुवाद गर्नु हुने सोमनाथ लामिछाने पनि उत्तिकै धन्यवादका पात्र हुनुहुन्छ । यो पुस्तक महिला समूहहरूको ज्ञान बढाउन तथा उनीहरूको नीति निर्णयमा प्रभाबित गर्ने काममा लाभदायी हुने आशा गरिएको छ । यसलाई महिला समूहहरूको पहुँचमा पुऱ्याउन Climate and Development Dialogue का सदस्य संस्थाहरूको सहयोग रहनेछ भन्ने हामी अपेक्षा गर्दछौं ।

**अवधारणा तथा अनुसन्धानः** स्नेहा राई

**सहयोगः** सारिका राई, प्रदिप भट्टराई, प्रविन मान सिं

**प्रकाशकः** प्रकृर्ति रिसोर्सेस् सेन्टर, डिसेम्बर २०१८

© Prakriti Resources Centre (PRC), 2018

**नोट**

यस प्रकाशनका कुनै पनि अंश प्रकृति रिर्सोसेस् सेन्टर प्रति साभार विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्ड वा अन्य कुनै माध्यममा उद्धित गरी प्रयोग गर्न सकिनेछ । यो **लैंगिकता र जलवायु परिवर्तन** स्रोत पुस्तक अंग्रेजीमा तयार गरिएको Gender and Climate Change- A Resource Book को नेपाली अनुवाद हो ।

# स्रोत पुस्तकको परिचय

औसत तापक्रम र चरम विपद्का घटनाहरू बृद्धिसँगै नेपालमा जलवायु परिवर्तनका असरहरू देखिन थालेका छन् । महिला, आदिवासी र गरिबहरू जलवायु परिवर्तनको असरबाट बढि प्रभावित भैरहका छन् । तर यी मानिस र समुदायहरू जलवायु परिवर्तन र यसका असर बारेमा थोरै मात्र जानकार रहेका छन् । जलवायुजन्य जोखिमलाई कम गर्न जलवायु परिवर्तन र यसका कारण जनजीविकामा पर्न सक्ने असरहरूको बारेमा सचेतना जगाउन अत्यन्त जरुरी छ ।

समुदायमा आधारित संघसंस्थाहरू, विशेषत महिला समूहहरूलाई लक्षित गरी जलवायु परिवर्तन र यसका असर बारेमा ज्ञान र सूचना अभिबृद्धि गर्ने उद्देश्यले यो पुस्तक तयार पारिएको छ । यो पुस्तकमा महिलाहरूको जलवायु परिवर्तनमा 'प्रभावित समुदाय' र 'परिवर्तनका संवाहक'का रूपमा दोहोरो भूमिकाका विषयमा व्याख्या गरिएको छ । जलवायु परिवर्तनका विषयलाई सरल ढङ्गले प्रस्तुत गर्न फोटो, ग्राफ र चार्टहरूको प्रयोग गरिएको छ ।

**लक्षित समूहः** यो स्रोत पुस्तकको लक्षित समूह लैंगिकता तथा जलवायु परिवर्तनका क्षेत्रमा कृयाशील सामुदायिक संघ संस्थाहरू हुन् । यस्ता संघसंस्थाका प्रतिनिधिहरूलाई यस स्रोत पुस्तकमा समेटिएका विषय वस्तुहरूका आधारमा प्रशिक्षित गरिनेछ । साथै उनीहरूले जलवायु परिवर्तन सम्बन्धी यसरी प्राप्त ज्ञानलाई ग्रामीण तहमा रहेका महिला र समुदायसम्म पुर्‍याउन सक्नेछन् भन्ने आशा गरिएको छ ।

# पुस्तकमा समेटिएका विषयहरू

यो पुस्तकलाई चार अध्यायमा विभाजन गरिएको छ र हरेक अध्यायमा फरक फरक खण्डहरू रहेका छन् । प्रत्येक खण्डमा विषयवस्तु राम्रोसँग बुझ्नका लागि चित्रहरूको सहयोगमा व्याख्या गरिएको छ। प्रत्येक खण्डको अन्त्यमा खालि ठाउँ छाडिएको छ जहाँ तपाईंले त्यस पाठका बारेमा तीन चारवटा आफ्ना बुझाईहरू लेख्न सक्नु हुनेछ।

यो स्रोत पुस्तकले शुरुमा जलवायु विज्ञानका बारेमा प्रकाश पार्नेछ। यस अध्यायमा मौसम, जलवायु, जलवायु परिवर्तन, हरितगृह प्रभाव, विश्व उष्णीकरण लगायतका विषयलाई सरल ढङ्गमा परिभाषित गरिएको छ।

दोस्रो अध्यायमा अनुकूलन र न्यूनीकरणका साथै जलवायु परिवर्तनका प्रभावका बारेमा चर्चा गरिएको छ। जलवायु परिवर्तनका प्रभावसँग जुध्न अनुकूलन र न्यूनीकरणका विभिन्न उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ।

तेस्रो अध्यायमा जलवायु परिवर्तनका प्रभाव अनुकूलन र न्यूनीकरणका निम्ति विश्वव्यापी र राष्ट्रिय प्रयासका बारेमा संक्षेपमा प्रकाश पारिएको छ।

अन्तिम अध्यायमा जलवायु परिवर्तन र लैंगिक विषय कसरी एकअर्का सँग सम्बन्धित छन् भन्ने बारेमा चर्चा गरिएको छ। यसमा जलवायु परिवर्तनबाट महिलाहरू वढी जोखिममा रहेको तथ्य उजागर गरिएको छ। साथै जलवायु अनुकूलन र न्यूनीकरणका कार्यहरूमा महिलाहरूको सहभागिता र महिलाहरूसँग रहेका ज्ञानको प्रयोग निकै महत्वपूर्ण हुने उल्लेख गरिएको छ।

# बिषय सूची

## अध्याय १


जलवायु विज्ञान बारेको बुझाई ... ६
मौसम र जलवायु ... ६
हरितगृह प्रभाव र विश्व उष्णीकरण ... ८
विश्व उष्णीकरण ... १२
जलवायु परिवर्तन ... १२
हरितगृह प्रभाव, विश्व उष्णीकरण र जलवायु परिवर्तन बीचको सम्बन्ध ... १४


## अध्याय २


जलवायु परिवर्तनका प्रभाव र असर ... १५
जलवायु परिवर्तनका प्रभाव ... १५
नेपालमा जलवायु परिवर्तनका क्षेत्रगत असरहरू ... १८
अनुकूलन र न्यूनीकरण ... २०


## अध्याय ३


विश्वव्यापी र राष्ट्रिय प्रयास ... २३
जलवायु परिवर्तन सम्बन्धी विश्वव्यापी प्रयास ... २३
जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय प्रयास ... २४
जलवायु परिवर्तनसँग सम्बन्धित सरंचना ... २७


## अध्याय ४


लैंगिकता तथा जलवायु परिवर्तन ... २९
जलवायु परिवर्तनका कारण महिला बढी जोखिममा हुनुको कारणहरू ... २९
परिवर्तनको संवाहकका रूपमा महिला ... ३१
जलवायु परिवर्तनका प्रभाव एवं महिलामाथि पर्ने सम्भावित असर ... ३२
लैंगिकता एवं जलवायु परिवर्तनको नीतिगत सन्दर्भ ... ३४
लैंगिक मूलप्रवाहीकरण ... ३६

सन्दर्भ सामग्री ... ४०

# अध्याय १


# जलवायु विज्ञान बारेको बुझाई

# (Understanding Climate Science)

## मौसम र जलवायु

### मौसम


- मौसम भन्नाले वायुमण्डलमा छोटो अवधिमा देखापर्ने परिवर्तनलाई बुझाउँछ।
- मौसम घण्टा घण्टामै, दिनदिनै परिवर्तन हुनसक्दछ।




- **उदाहरण:** कुनै घाम लागेको दिन अकस्मात ठूलो वर्षा हुनसक्दछ वा ठूलो वर्षा लगत्तै घाम देखा पर्न सक्दछ, यही नै मौसम हो। मौसमलाई हामीले प्रत्यक्षरूपमा अनुभव र महसुस गर्न सकिन्छ।

### जलवायु

- जलवायु भन्नाले सापेक्षित रूपमा लामो अवधिको "औसत मौसम"को अवस्थालाई बुझाउँछ। (करिब ३० वर्ष वा त्यो भन्दा धेरै)
- जलवायुलाई दुईवटा मुख्य कारकले प्रभावित तुल्याउँछन् - तापक्रम र वर्षा।
- जलवायु परिवर्तन बारम्बार हुँदैन र यसका लागि धेरै वर्ष लाग्दछ।




**उदाहरणः** हामीले सामान्यता नेपालमा असार साउन महिनामा वर्षा हुन्छ भन्छौं वा पौष माघमा चिसो हुन्छ भन्छौं। यही नै जलवायु हो। यसरी असार साउनमा पानी पर्नु र पौष माघमा जाडो हुनुलाई जलवायु भनिन्छ।

मौसमले हाम्रो वरपरको वायुमण्डलको परिवर्तनशील अवस्थालाई जनाउँछ । यो तापक्रम, हावा, वर्षा, बादल र अरू मौसमी तत्वहरूबाट प्रभावित हुन्छ । मौसमी पूर्वानुमान छोटो अवधिको मात्र हुन्छ । सामान्यतया एक वा दुई साताभन्दा बढीको मौसमी प्रणालीको पूर्वानुमान गरिन्न ।

जलवायु भन्नाले कुनै निश्चित समयावधि र निश्चित क्षेत्रको "औसत मौसमी" अवस्था हो । जलवायु ठाउँपिच्छे फरक हुन्छ र कुनै स्थानको अक्षांश, समुद्रसम्मको दूरी, वनस्पति, हिमाल भए वा नभएको वा अरू भौगोलिक पक्षहरूबाट जलवायुको अध्ययन गरिन्छ । समयावधिका आधारमा पनि जलवायुलाई छुट्याइन्छ जस्तै ऋतुपिच्छे, वर्षैवर्ष, दशक दशक वा त्यो भन्दा लामो समयावधि जस्तै हिमयुग ।

*(IPCC, 2001)*

**मौसम र जलवायुबारेमा तपाईंको बुझाई के छ लेख्नुहोस् ।**

१. ..................................................................................................................

..................................................................................................................

२. ..................................................................................................................

..................................................................................................................

३. ..................................................................................................................


..................................................................................................................

# हरितगृह प्रभाव र विश्व उष्णीकरण

## हरितगृह ग्यास

प्राकृतिक तथा मानव सिर्जित स्रोतबाट निस्किएर पृथ्वीको वायुमण्डलमा मिसिएका ती ग्यासहरू हुन् जसले सूर्यको परावर्तित प्रकाशलाई केही मात्रामा पृथ्वीको वायुमण्डलमा नै रोकेर पृथ्वीलाई न्यानो बनाउन मद्दत गर्छन् ।

### हरितगृह ग्यासहरू



## हरितगृह ग्यासका प्राकृतिक स्रोतहरू



जङ्गलमा हुने आगलागी



ज्वालामुखी बिस्फोटन



सीमसार

## हरितगृह ग्यासका मानव-सिर्जित स्रोतहरू



कृषि



सवारी साधनबाट हुने उत्सर्जन



उद्योगबाट हुने उत्सर्जन



ल्यान्डफिल

## कृत्रिम हरितगृह




- प्लास्टिक (वा सिसा) बाट एउटा घर बनाइन्छ।
- सिसा वा प्लास्टिकबाट सूर्यको प्रकाश भित्र छिर्छ र भुइँमा ठोक्किन्छ। भुइँले केही प्रकाशलाई सोस्छ र बाँकी प्रकाश परावर्तित हुन्छ अथवा त्यहाँबाट फर्कन्छ।
- भित्र प्रवेश गरिसकेको प्रकाश परावर्तित भईसकेपछि सिसा वा प्लास्टिकबाट बाहिर निस्कन पाउँदैन र प्लास्टिक घर भित्रै रोकिन्छ।
- प्लास्टिक घर भित्र बन्द भएको प्रकाशको तातोले भित्रको तापक्रम बढाउँछ र बाहिर भन्दा भित्र बढी न्यानो बन्छ।

## हरितगृहका प्रभावहरू

- पृथ्वीमा हरितगृहको असर कृत्रिम हरितगृहको जस्तै हुन्छ।
- सूर्यको प्रकाश केहि मात्रामा पृथ्वीको सतहले सोस्छ र बाँकी आकाशतिरै फर्कन्छ।

- वायुमण्डलको हरितगृह ग्यासले सूर्यको प्रकाशहरूलाई पृथ्वीमा आउन त दिन्छ तर फर्किएर जाने प्रकाशलाई पृथ्वीको वायुमण्डलबाट जानबाट रोक्दछ।
- यसले पृथ्वीको सतहलाई केही न्यानो बनाउँछ र जीवन बाँच्नका लागि योग्य बनाउँछ।
- हरितगृह ग्यासँबाट पृथ्वीको वायुमण्डलमा सूर्यका प्रकाशलाई सङ्ग्रहित गर्ने यो प्राकृतिक प्रक्रियालाई हरितगृह प्रभाव भनिन्छ।




हामीले बुझ्नैपर्ने कुरा के हो भने हरितगृह प्रभाव प्राकृतिक प्रक्रिया हो । हरितगृह प्रभावले गर्दा नै यो पृथ्वीमा जीवन सम्भव भएको हो । यदी हरितगृह प्रभाव नहुँदो हो त पृथ्वीको सतहको तापक्रम माइनस १८ डिग्री सेल्सियस हुने थियो ।

## हरितगृह प्रभावको बुझाई बारे लेख्नुहोस् ।

१. ..............................................................................................................

..............................................................................................................

२. ..............................................................................................................

..............................................................................................................

३. ..............................................................................................................

..............................................................................................................

# विश्व उष्णीकरण



वायुमण्डलमा हरितगृह ग्यास बढ्दै गएका कारण पृथ्वीको सतहको औसत तापक्रम बृद्धि हुनु नै विश्व उष्णीकरण हो ।

**पृथ्वीको सतहको औसत तापक्रम १४ डिग्री सेल्सीयस् हो ।** *(NASA GISS, n.d.)*

**औधोगिक युगे पूर्वको समयभन्दा पृथ्वीको सतहको तापक्रम १ डिग्री सेल्सीयस्ले बढेको छ ।** *(IPCC, 2018)*

# जलवायु परिवर्तन

- प्राकृतिक प्रक्रिया वा मानवीय कार्यहरूका कारण पृथ्वीको जलवायुमा आउने दीर्घकालीन परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ ।
- जलवायु परिवर्तनका दुई मुख्य कारक तत्वहरू :



तापक्रम



वर्षा

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UNFCCC) को धारा १ मा जलवायु परिवर्तनलाई परिभाषित गर्दै भनिएको छ : जलवायु परिवर्तन भन्नाले कुनै समयावधिमा प्राकृतिक कारणले जलवायुमा देखिने परिवर्तनका अलावा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मानव क्रियाकलापका कारण पृथ्वीको वायुमण्डलमा आउने परिवर्तनलाई जनाउँछ ।

**विश्व उष्णीकरण र जलवायु परिवर्तनका बारे तपाईंका बुझाइहरू लेख्नुहोस् ।**

१. ..........................................................................................

..........................................................................................

..........................................................................................

२. ..........................................................................................

..........................................................................................

..........................................................................................


३. ..........................................................................................

..........................................................................................


..........................................................................................

# हरितगृह प्रभाव, विश्व उष्णीकरण र जलवायु परिवर्तन बीचको सम्बन्ध

## प्राकृतिक प्रक्रिया




## मानव कृयाकलापहरूको हस्तक्षेप




**चित्र:** हरितगृह प्रभाव, विश्व उष्णीकरण र जलवायु परिवर्तन बीचको सम्बन्ध

**हरितगृह प्रभाव, विश्व उष्णीकरण र जलवायु परिवर्तनबीचको सम्बन्धबारे तपाईंको बुझाइ के छ, लेख्नुहोस् ।**

१. ..............................................................................................

२. ..............................................................................................


३. ..............................................................................................

# अध्याय २

## जलवायु परिवर्तनका प्रभाव र असर
## (Effects and Impacts of Climate Change)

### जलवायु परिवर्तनका प्रभाव

**हिमताल विस्फोटनबाट सिर्जित बाढी**



- ★ हिमनदीहरू खुम्चिदै छन् र हिमतालहरू बन्ने क्रममा रहनुका साथै यिनीहरूको संख्या र आकार बढ्दैछ ।
- ★ नेपालमा सन् १९८७-२०१७ को (३० वर्ष) अवधिमा ५११ वटा नयाँ हिमताल बनेका छन् । (Khadka et.al, 2018).
- ★ हिमताल विस्फोटनका कारण तल्लो क्षेत्रका समुदायमा आर्थिक प्रभाव (जीवन, गरिबी, पूर्वाधार, र कृषिभूमि) तथा सामाजिक प्रभाव (सम्पदा क्षेत्र, वातावरणीय गुणस्तर, असुरक्षा, उदासी) देखिएका छन् ।
- ★ नेपालमा कम्तीमा २४ वटा हिमताल विस्फोटनका घटना भएका छन् । (ICIMOD, 2011).

## बाढी र पहिरोको बढ्दो जोखिम



- ★ जलवायु परिवर्तनको कारण मनसुनमा हुने अनियमित वर्षाले बाढी, पहिरो, भूक्षय जस्ता जोखिमको वृद्धि गर्दछ ।
- ★ बाढी र पहिरोले, कृषि, पूर्वाधार (बसोबास, सडक, पुल तथा सञ्चार र प्रसारण संजाल), व्यवसायमा नराम्रो असर पार्दछ, र मानवीय जीवनको क्षति हुन्छ ।
- ★ नेपालका ७५ मध्ये ४९ जिल्ला बाढी र पहिरोको उच्च जोखिममा छन् । (MoPE, 2017)

## वन जङ्गलमा डढेलोको बढ्दो जोखिम



- ★ वनमा आगलागीको सबैभन्दा ठूलो जोखिम छ । यसका कारण वन्यजन्तुको मृत्यु, बासस्थान नोक्सानी वा परिवर्तन हुन्छ ।
- ★ वनमा लागेको डढेलोले वनका स्रोतसाधन, दाउराको उपलब्धता र त्यसमा आश्रित समुदायमा नकारात्मक असर पार्दछ ।
- ★ नेपालका ७५ मध्ये २३ वटा जिल्ला वनजङ्गलको डढेलोको उच्च जोखिममा छन् । (MoPE, 2017) अति सुख्खाका कारण पनि वन डढेलो बढेको छ ।

## खडेरी



- ★ खडेरीको कारणले गर्दा कृषि, पानीका स्रोत, प्राकृतिक स्रोत र जिवीकोपार्जनमा गम्भीर असर गर्दछ ।
- ★ खडेरीका कारण पानी कम उपलब्ध भएको अवस्थामा मानिसहरूले खासगरी महिलाहरूले पानी सङ्कलनका लागि बढी समय खर्चिनु पर्दछ । त्यसर्थ, उनीहरू खडेरीबाट सबैभन्दा बढी प्रत्यक्ष प्रभावित हुने गर्दछन् ।

**समुद्रमा पानीको सतहमा वृद्धि तथा तटीय क्षेत्रको बाढी**



- ★ समुद्र सतहको वृद्धिले ठूलो वर्षा हुने, आँधी आउने तथा तटीय क्षेत्रमा बाढी आउने हुन्छ ।
- ★ यसले तटीय क्षेत्रका मानिसको जीवन, खेतीयोग्य जमिन, आवास, मनोरञ्जनका क्षेत्रहरूलाई सङ्कटमा पार्दछ ।
- ★ तटीय क्षेत्रको बाढी र डुबानले मानिसहरूलाई आफ्नो जन्मथलो छाड्न बाध्य पार्दछ ।

**माथिका उदाहरणहरूलाई आधार मानी नेपालमा बढि प्रभाव पार्ने जलवायु परिवर्तनका असरहरूको सूची बनाउनुहोस् ।**

१. ------------------------------------------------------------

------------------------------------------------------------

------------------------------------------------------------

२. ------------------------------------------------------------

------------------------------------------------------------

------------------------------------------------------------

३. ------------------------------------------------------------

------------------------------------------------------------

------------------------------------------------------------

# नेपालमा जलवायु परिवर्तनका क्षेत्रगत असरहरू

| क्षेत्र | प्रभाव |
|---|---|
|  कृषि | ★ कृषि क्षेत्रमा जलवायु सिर्जित बाढी, सुक्खा, अनियमित वर्षा, नयाँ प्रजातिका कीराहरूको संक्रमणले नराम्रोसँग असर परेको छ, जसका कारण बाली नलाग्ने, उत्पादन घट्ने तथा खाद्य असुरक्षा बढाउने गर्दछ । <br> ★ नेपालमा करिब ७० प्रतिशत महिला कृषि क्षेत्रमा आबद्ध रहेका छन् । जलवायु परिवर्तनका असरले उनीहरूको कामको बोझ बढाउँछ जसले गर्दा महिला जलवायु परिवर्तनका कारण उच्च जोखिममा छन् । |
|  जलस्रोत | ★ जलवायु परिवर्तनले समग्र पानीको उपलब्धता, परिमाण, समय र गुणस्तरमा असर गर्दछ । यो मूलतः तापक्रमको अस्थिरता, वर्षा र चरम मौसमी घटनाहरूका कारण (बाढी र सुक्खा) हुने गर्दछ । <br> ★ जलमा आश्रित जीविकोपार्जन (कृषि) र खानेपानीका लागि आवश्यक पानीको उपलब्धता घट्दै गएका कारण त्यसले अवसर विहीन समूहहरू र महिलालाई जोखिममा पारेको छ किनभने उनीहरूले नै पानीको जोहो गर्न बढी समय खर्चिनु पर्दछ । |
|  सहरी बसोबास र पूर्वाधार | ★ जलवायु परिवर्तनले सहरी बसोबासमा जोखिम निम्त्याउँदैछ । यसबाट बारम्बार सुक्खा देखिने, नदीनाला सुक्ने र सुक्खा मौसममा जमिनमुनिको पानीको सतह घट्ने गरेको छ । <br> ★ कमजोर सहरी योजना र पूर्वाधारको अपर्याप्त व्यवस्था (जस्तै, ढल प्रणाली)ले सहरी क्षेत्रहरूमा वर्षादको मौसममा र भारी वर्षा भएको समयमा बाढीले ठूलो समस्या निम्त्याउन थालेको छ । |



वनजंगल र जैविक विविधता

- ★ धेरै प्रजातिको फूल फुल्ने र फल लाग्ने समय तथा हुर्किने मौसमको समयावधिमा परिवर्तन भएको छ ।
- ★ पहिल्यै जोखिममा रहेका धेरै प्रजातिहरू विलुप्त हुने (हराउने) सम्भावना छ, र निश्चित मौसमी अवस्थामा बाँच्ने तथा निश्चित बासस्थान चाहिने धेरै प्रजातिहरू सर्वाधिक जोखिममा छन् ।



स्वास्थ्य

- ★ तातो हावाले अस्वस्थता र मृत्युदर एकाएक बढाउँछ । खासगरी तातो हावाबाट बुढ्यौली उमेरका व्यक्तिहरू, बालबालिका र पहिल्यै जोखिमयुक्त स्वास्थ्य समस्याबाट जुधिरहेका व्यक्तिहरू सबैभन्दा बढी पीडित हुन्छन् ।
- ★ खानेपानीको अभाव, उपयुक्त सरसफाइ र स्वच्छताको अभावले पानी र खानाजन्य रोग निम्त्याउँछ ।

*(Source: National Adaptation Plan Formulation Process in Nepal, 2017)*

**तपाईहरूले आफ्नो समुदायमा देख्नु भएको यस्तै असरहरूको सूची बनाउनुस ।**

१. ..........................................................

..........................................................

२. ..........................................................

..........................................................

३. ..........................................................

..........................................................

..........................................................


# अनुकूलन र न्यूनीकरण (Adaptation and Mitigation)

## अनुकूलन

बदलिँदो जलवायुको अवस्था र यसको असरलाई दिगो रूपमा सम्बोधन गर्न गरिने कार्य नै जलवायु परिवर्तनको अनुकूलन हो।

## अनुकूलन कार्यहरू

१. पानीको व्यवस्थापन (जस्तै : आकाशे पानीको संकलन, थोपा सिचाई)




आकाशे पानीको संकलन



थोपा सिचाई

२. विपद् जोखिम न्यूनीकरण (जस्तैः बाढी नियन्त्रण विधि, पूर्व चेतावनी प्रणाली)



बाढी नियन्त्रण विधि



पूर्व चेतावनी प्रणाली

३. दिगो भूउपयोग व्यवस्थापन (जस्तै : जलाधार व्यवस्थापन, माटोको दिगो व्यवस्थापन)



माटोको दिगो व्यवस्थापन



जलाधार व्यवस्थापन

४. जलवायु मैत्री कृषि (जस्तै : सुख्खा प्रतिरोधी बाली, बालीको बीमा)



सुख्खा प्रतिरोधी बाली



बालीको बीमा

## न्यूनीकरण

हरितगृह ग्यास उत्सर्जनको स्रोतमै कमी ल्याउने वा वायुमण्डलबाट यी ग्यासहरूको मात्रामा संतुलन ल्याउने कार्यहरूलाई न्यूनीकरण भनिन्छ।

## न्यूनीकरण कार्यहरू

१. वन संरक्षण (जस्तै : वृक्षरोपण)

२. फोहोरव्यवस्थापन (जस्तै : पुन:प्रयोग र पुनप्रसोधन)

३. नवीकरणीय ऊर्जाको प्रबर्द्धन (जस्तै : सौर्यऊर्जा, वायुउर्जा)

४. इन्जीन बिनाको यातायात र साझा यातायात (जस्तै : साइकल, विद्युतीय गाडी, पैदल यात्रा)


५. कम उर्जा खपत गर्ने प्रविधिको प्रवर्द्धन (जस्तै : LED बल्व)



वृक्षरोपण



पुन:प्रयोग र पुनप्रसोधन



सौर्य उर्जा जडित घर



साइकल



LED बल्व

**तपाईंको समुदायलाई सुहाउँदा अरू केही अनुकूलन तथा न्यूनीकरण कार्यहरूको सूची बनाउनुहोस् ।**

| **अनुकूलन** | **न्यूनीकरण** |
|---|---|
| १. .................... | १. .................... |
| २. .................... | २. .................... |
| ३. .................... | ३. .................... |

# अध्याय ३
## विश्वव्यापी र राष्ट्रिय प्रयास
## Global and National Initiatives

## जलवायु परिवर्तन सम्बन्धी विश्वव्यापी प्रयास

### जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि

- यो सन् १९९२ मा सम्पन्न पृथ्वी सम्मेलनमा भएको अन्तर्राष्ट्रिय महासन्धि हो।
- यसको उद्देश्य वायुमण्डलमा हरितगृह ग्यास उत्सर्जनलाई स्थिर पारी जलवायु प्रणालीमा हुने हानिकारक मानव सृजित प्रभावलाई रोक्नु हो।
- नेपाल लगायत १ सय ९७ सदस्य राष्ट्रले यसलाई अनुमोदन गरेको छन्।

### क्योटो अभिसन्धि


- सन् १९९७ मा सम्झौता भएको क्योटो अभिसन्धि एउटा अन्तर्राष्ट्रिय सम्झौता हो, जसले विश्वका देशहरूलाई दुई वर्गमा विभाजन गरेको छः विकसित र विकासशील मुलुकहरू।
- यसले हरितगृह ग्यास उत्सर्जनमा कमी ल्याउन विकसित मुलुकहरूका निम्ति कानुनी रूपमा बाध्यकारी दायित्व निर्माण गरेको छ।


## पेरिस सम्झौता


- पेरिस सम्झौता, सन् २०१५मा फ्रान्सको राजधानी पेरिसमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिमा पारित भएको थियो।


- यस सम्झौताको उद्देश्य, जलवायु परिवर्तनका जोखिमलाई सम्बोधन गर्ने विश्वव्यापी प्रयासलाई सबल गर्नु हो, जसका लागि विश्व तापक्रम वृद्धि पुर्व औधोगिक तहभन्दा २ डिग्री सेल्सियस भन्दा निकै तल कायम राख्नुका साथै तापक्रम वृद्धि अझ कम गरि १.५ डिग्री सेल्सियसमै सीमित पार्नु हो।


## जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय प्रयास





| नीतिगत दस्तावेजहरू | मुख्य बुँदाहरू |
|---|---|
| राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा), २०१० | ★ यो राष्ट्रिय अनुकूलन कार्यक्रम योजना अतिकम विकसित मुलुकले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धीअन्तर्गत अंगीकार गरेका मान्यताहरूको सम्बोधन गर्न बनाइएको कार्यक्रम हो ।<br>★ नेपालले सन् २०१० मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धी सम्मेलनमा राष्ट्रिय अनुकूलन कार्यक्रम पेस गरेको हो ।<br>★ जोखिममा रहेका ६ क्षेत्रहरूमा कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत र उर्जा, जनस्वास्थ्य, जलउत्पन्न प्रकोप र शहरी बसोबास तथा पूर्वाधार पर्दछन् । यी क्षेत्रमा गरिने सबै क्रिया कलापमा लैङ्गीकतालाई महत्वपूर्ण स्थान दिनु पर्नेछ ।<br>★ जोखिममा रहेका क्षेत्रहरूमा अनुकुलनका ९ वटा प्राथमिकताका परियोजनाहरू पहिचान गरिएको छ । |
| राष्ट्रिय जलवायु परिवर्तन नीति, २०११ | ★ राष्ट्रिय जलवायु परिवर्तन नीति २०११ लाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।<br>★ यस नीतिले जलवायु परिवर्तनले ल्याउने प्रतिकूल प्रभावलाई अनुकूलन मार्फत मानवीय जनजीविकामा गर्ने उद्देश्य लिएको छ । न्यून कार्बन उत्सर्जनमुखी सामाजिक-आर्थिक विकास मार्फत जलवायु परिवर्तनमा विभिन्न राष्ट्रिय- अन्तर्राष्ट्रिय सहमतिको कार्यान्वयन गर्ने कुरामा यस नीतिको जोड रहेको छ ।<br>★ यस नीतिका प्रमुख तत्व जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण, न्यून कार्बन विकास र जलवायु समानुकूलन, वित्तीय स्रोत तथा उपयोगमा पहुँच, क्षमता अभिवृद्धि, जनसहभागिता र सशक्तीकरण, अध्ययन तथा अनुसन्धान, प्राविधिक विकास, स्थानान्तरण र उपयोग, तथा जलवायुमैत्री प्राकृतिक स्रोत व्यवस्थापन रहेका छन् । |

| | |
|---|---|
| स्थानीय अनुकूलन कार्ययोजना (लापा) खाका, २०१३ | ★ जलवायु अनुकूलन कृयाकलापहरूलाई स्थानीय र राष्ट्रिय विकास योजना प्रक्रियामा एकीकृत गर्ने तथा जलवायु उत्थानशीलता विकास गर्ने लक्ष्य राखिएको।<br>★ सातवटा चरणहरू : १. जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण, २. जोखिमपना र अनुकूलन मूल्याँकन, ३. अनुकूलन विकल्पहरूको प्राथमिकीकरण, ४. लापा निर्माण, ५. लापालाई योजना प्रक्रियामा एकीकृत गर्ने, ६. लापाको कार्यान्वयन, ७. लापा प्रगति मूल्याँकन। |
| राष्ट्रिय तहमा तय गरिएको योगदान (एनडीसी), २०१६ | ★ विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष पूरा गर्न नेपालको जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिमा योगदान।<br>★ एनडीसीले निम्न कुरामा ध्यानकेन्द्रित गर्दछः नवीकरणीय ऊर्जाको विकास र प्रयोग गर्ने, वन क्षेत्र विस्तार गर्ने तथा वनको उत्पादकत्व बढाउने, ऊर्जा प्रभावशाली तथा विद्युतीय सार्वजनिक यातायातको विकास गर्ने, राष्ट्रिय अनुकूलन योजना तर्जुमा गर्ने तथा वातावरणमैत्री स्थानीय शासन संरचनाको कार्यान्वयन गर्ने। |

### जलवायु परिवर्तन सम्बन्धि राष्ट्रिय र अर्न्तराष्ट्रिय प्रयासहरू उल्लेख गर्नुहोस्।

१. ..................................................................................................

..................................................................................................

२. ..................................................................................................

..................................................................................................

३. ..................................................................................................

..................................................................................................

# जलवायु परिवर्तनसँग सम्बन्धित सरंचना

**राष्ट्रिय जलवायु परिवर्तन परिषद्**

जलवायु परिवर्तन परिषद् नेपालमा जलवायु परिवर्तनका नीति निर्धारण र कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशन, सहजीकरण तथा समन्वय गर्ने उच्च सरकारी निकाय हो । सन् २००९ मा गठित यस परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने प्रावधान छ । यस परिषद्मा क्षेत्रगत मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र आठ जना विषय विज्ञहरू सदस्य रहने प्रावधान छ । यस परिषद्को सचिवालय वन तथा वातावरण मन्त्रालयमा रहको छ ।

**बहु सरोकारवाला जलवायु परिवर्तन अभियान समन्वय समिति**

यो बहुसरोकारवाला समन्वय समिति हो । वन तथा वातारण मत्रांलयका सचिवले अध्यक्षता गर्ने यस समितिले जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम समन्वय गर्ने र सहकार्यक्रमहरू कार्यन्वयन गर्दछ । यसमा सम्बन्धित मत्रांलय, सस्था, अन्तर्राष्ट्रिय गैर सरकारी सस्ंथा, गैर सरकारी सस्ंथा, निजी क्षेत्र र विकास साझेदारहरूको प्रतिनिधित्व छ ।

**वन तथा वातावरण मन्त्रालय**

नेपाल सरकारको जलवायु परिवर्तन सम्बन्धी हेर्ने मुख्य मन्त्रालय हो । यो मन्त्रालयले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धीका लागि समेत मुख्य सम्पर्क मन्त्रालयको कार्य गर्दछ ।

↓

**जलवायु परिवर्तन व्यवस्थापन विभाग**

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय अन्तर्गत काम गर्ने प्रशासनिक इकाई हो। यसले देशभित्र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूको समन्वय र व्यवस्थापनको भूमिका निर्वाह गर्दछ।

| | |
|---|---|
| **अर्थ मन्त्रालय** | जलवायुसँग सम्बन्धित वित्तीय लगानी, निकासा र अनुगमन प्रक्रियामा यस मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । जलवायु वित्त इकाई पनि यसै मन्त्रालय अन्तर्गत रहेको छ । |
| ↓ | |
| **अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा** | यो अर्थ मन्त्रालय अन्तर्गतको एउटा महाशाखा हो । यो महाशाखाले अर्न्तराष्ट्रिय सहायता र जलवायु वित्त सम्बन्धि कार्यहरूको समन्वय गर्दछ । यो महाशाखा हरित जलवायु कोष र विश्वव्यापी वातावरणीय सहुलीयतको सम्पर्क निकायको रूपमा रहेको छ । |
| ↓ | |
| **जलवायु वित्त इकाई** | यो इकाई अर्थ मन्त्रालयको अर्न्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा मातहत रहेको छ । यसले नेपालले प्राप्त गर्ने अन्तर्राष्ट्रिय जलवायु वित्त, विशेषत हरित जलवायु कोषको समन्वय गर्दछ । |

**चित्र:** नेपालमा जलवायु परिवर्तनसँग सम्बन्धित सरंचना

## जलवायु परिवर्तन सम्बन्धि संघ संस्थाहरू उल्लेख गर्नुहोस् ।

१. ..........................................................

२. ..........................................................

३. ..........................................................

४. ..........................................................

# अध्याय ४

## लैंगिकता तथा जलवायु परिवर्तन

## (Gender and Climate Change)

जलवायु परिवर्तनका असर लैंगिक तटस्थ हुँदैनन्। महिलामा यसले बढी असर गर्दछ र जलवायु परिवर्तनले उनीहरूका विद्यमान समस्यालाई अझ बढाउँछ।

### जलवायु परिवर्तनका कारण महिला बढी जोखिममा हुनुको कारणहरू





१. नियमित घरायसी कामकाजका निम्ति प्राकृतिक स्रोतसाधनमा महिलाको उच्च निर्भरता रहन्छ। जलवायु परिवर्तनका कारण खाना पकाउने, पानी ल्याउने, लुगा धुने, घाँस दाउरा संकलन गर्ने जस्ता दैनिक कार्यहरूमा महिलामाथि चुनौती सिर्जना हुने गर्दछ।

२. सामाजिक जिम्मेवारी, पितृसत्तात्मक सामाजिक बनोट, विभेद र अशिक्षाले सिर्जना गरेका सामाजिक-सांस्कृतिक, आर्थिक तथा राजनीतिक अबरोधहरूले घर र समाजमा निर्णय प्रक्रियामा महिलालाई सक्रिय सहभागी हुन दिँदैन।



३. लैंगिकतामा आधारित सामाजिक-आर्थिक विभेदका कारण महिला आफैले स्रोतसाधनको प्रयोग गर्न पाउँदैनन्। साथै आफ्नो अधिकारको प्रयोग गर्ने क्षमतामा पनि यस्तो विभेदले ह्रास ल्याउँछ।



४. जमिन र सम्पत्तिको अधिकार, स्रोतसाधनमा पहुँच, तलब वा ज्याला तथा निर्णय प्रक्रियामा महिलाले पुरुषको तुलनामा कम अधिकार र अवसर पाएका हुन्छन्।



५. नेपालको ग्रामीण भेगमा रोजगारीको खोजीमा पुरुषहरू अन्यत्र जाने आम प्रचलन छ। यसले महिलालाई प्राकृतिक स्रोतसाधनको मुख्य प्रयोगकर्ता बनाएको छ। महिलाहरू कृषि क्षेत्रमा पुरुषहरूको दाँजोमा बढी नै संलग्न छन्। जसको कारणले महिलाहरूमा बोझ बढी थपिएको छ।

*(Source: Gender and climate change-why women's perspectives matter, WEDO 2009)*

## महिलाको जोखिमपना र जलवायु परिवर्तनबीचको सम्बन्ध बारे तपाईंको बुझाई लेख्नुहोस् ।

१. ........................................................................................................

........................................................................................................

२. ........................................................................................................

........................................................................................................

३. ........................................................................................................

........................................................................................................

........................................................................................................


# परिवर्तनको संवाहकका रूपमा महिला



क. परिवारको खाद्यान्न र ऊर्जा सुरक्षा सुनिश्चित गर्न उनीहरूले आफू निर्भर रहेका स्रोतसाधनको व्यवस्थापन गरिरहेका हुनाले महिलाहरूले जलवायु संबन्धि कार्यहरूमा निकै योगदान गर्न सक्दछन् ।



ख. यदि महिलालाई सशक्तीकृत गरिएको छ भने महिलाको जलवायु परिवर्तनका प्रभावसंग सामाना गर्ने क्षमता पुरुषको भन्दा बढी हुन्छ । साथै जलवायुले निम्ताएको संकटलाई समुदायमा पहिले सम्बोधन गर्ने महिलाहरू नै हुने भएकाले जलवायु अनुकूलनमा उनीहरूको भूमिका प्रमुख हुन्छ ।



ग. उनीहरूको व्यापक ज्ञान र विज्ञतालाई जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण र अनुकूलन नीति, रणनीति र कार्यहरूमा प्रयोग गर्न सकिन्छ जसले उनीहरूलाई प्रभावकारी परिवर्तनका संवाहकका रूपमा स्थापित गर्न मद्दत गर्दछ ।

**महिलाहरू 'परिवर्तनका संवाहक' हुन् भन्ने बारेमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।**



१. ........................................................................................................

........................................................................................................

२. ........................................................................................................

........................................................................................................

३. ........................................................................................................

........................................................................................................

........................................................................................................

## जलवायु परिवर्तनका प्रभाव एवं महिलामाथि पर्ने सम्भावित असर

| **जलवायु परिवर्तनका प्रभावहरू** | **महिलामाथि पर्ने सम्भावित असरहरू** |
|---|---|
| <br>बालीनाली नहुने | <br>कृषिमा कार्यबोझ |
| <br>वन क्षेत्रको नोक्सानी<br>(इन्धनको कमी) | <br>दाउरा सङ्कलनका लागि<br>टाढाटाढा पुग्नुपर्ने |
| <br>पानीका स्रोतहरू सुक्ने | <br>पानी ल्याउन बढी समय लाग्ने |

| | |
|---|---|
| <br>प्रकोप | <br>प्रकोपका घटनाहरूको जोखिम महिलामा बढि |
| <br>संक्रामक रोगहरू देखिने | <br>बिरामी भएका परिवारका सदस्यहरूको हेरचाहको थप दायित्व बढ्ने |

## महिलामाथि जलवायु परिवर्तनका अरू सम्भाव्य असरहरूको सूची बनाउनुहोस् ।

१. ..............................................................................................

..............................................................................................

२. ..............................................................................................

..............................................................................................

३. ..............................................................................................

..............................................................................................

..............................................................................................

# लैंगिकता एवं जलवायु परिवर्तनको नीतिगत सन्दर्भ

## अन्तर्राष्ट्रिय

**बेइजिङ घोषणापत्र र कार्य मञ्च (१९९५)**

- लैंगिक समानता र वातावरण बीचको सम्बन्धलाई मान्यता प्रदान गर्ने पहिलो अन्तर्राष्ट्रिय घोषणापत्र

**जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि**

- सन् २००१ को कोप ७ मा पहिलो पटक जलवायु सम्बन्धि अर्न्तराष्ट्रिय छलफलमा महिलाको सहभागिता बढाउन "लैंगिक समानता" लाई सम्बोधन गरियो ।
- सन् २०१७ को कोप २३ मा पहिलो पटक दुई वर्षे लैंगिक कार्ययोजनालाई कार्यन्वायन गरियो ।

## राष्ट्रिय

**राष्ट्रिय जलवायु परिवर्तन नीति**

- महिलालाई जोखिमयुक्त समूहका रूपमा मान्यता दिइएको
- जलवायु सम्बन्धी कार्यक्रमको कार्यान्वयनमा महिलाको सहभागितालाई प्राथमिकता दिइएको

**राष्ट्रिय बजेट**

- आव २००७-२००८ देखि लैंगिक जवाफदेही बजेट शीर्षक
- नीति निर्माण र सरकारी बजेट विनियोजनमा लैंगिक दृष्टिकोणलाई एकीकृत गर्ने लक्ष्य लिइएको ।

**लैंगिक कार्ययोजना**

- सबै तहमा महिलालाई वातावरणसँग सम्बन्धि निर्णय प्रक्रियामा सक्रियतापूर्वक सहभागी गराउने ।
- दिगो विकासका लागि नीति र कार्यक्रम्कहरूमा लैंगिक सरोकार र दृष्टिकोणलाई एकीकृत गर्ने ।
- महिला सम्बन्धी विकास र वातावरणीय नीतिहरूको मूल्याँकन गर्न राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा संयन्त्रको सबलीकरण वा स्थापना गर्ने ।

**हरित जलवायु कोष (जीसीएफ) लैंगिक नीति**

- कुनै प्रस्तावमा लगानी गर्दा लैंगिक पक्षलाई मूलप्रवाहीकरण गर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय वित्तीय साधन ।
- मार्च २०१५ मा हरित जलवायु कोष लैंगिक नीति तथा कार्ययोजना स्वीकृत ।
- लैंगिक नीतिले लैंगिक समानता र न्यून उत्सर्जन तथा जलवायु उत्थानशीलता विकास कार्यलाई योगदान गर्नेतर्फ प्रतिबद्धता जनाएको छ ।

**लैंगिक रणनीति र कार्ययोजना**

- मस्यौदा चरणमा रहेको
- लैंगिक-जवाफदेही जलवायु परिवर्तन कार्यक्रम निर्माण गर्न जलवायु परिवर्तन नीति र कार्यक्रममा लैंगिक मूलप्रवाहीकरण ।

**राष्ट्रिय अनुकूलन कार्यक्रम र राष्ट्रिय तहमा तय गरिएको योगदान** (NAPA and NAPs)

- लैंगिकतालाई सबै कार्यक्रममा महत्वकासाथ समाबेश गर्ने ।
- राष्ट्रिय अनुकूलन कार्यक्रमले अनुकूलन सम्बन्धी प्राथमिकतायुक्त परियोजनामा लैंगिकता-सम्बन्धित सबालहरूलाई ध्यानमा राखेको छ ।
- राष्ट्रिय तहमा तय गरिएको योगदानले अलग लैंगिक र सामाजिक समावेशीकरण संबन्धि सूचक निर्माण गरी जोखिमपना तथा संकट मूल्याँकन ढाँचा निर्माण गरेको छ ।

**महिलामाथि जलवायु परिवर्तनका अरू सम्भाव्य असरहरूको सूची बनाउनुहोस् ।**

१. ...............................................................................................................................
...............................................................................................................................

२. ...............................................................................................................................
...............................................................................................................................

३. ...............................................................................................................................
...............................................................................................................................
...............................................................................................................................

## लैंगिक मूलप्रवाहीकरण

- लैंगिक मूलप्रवाहीकरण भन्नाले लैंगिक असमानतालाई सम्बोधन गर्ने गरी लैंगिक दृष्टिकोणलाई कार्यक्रमको डिजाइन, तयारी, कार्यान्वयन, अनुगमन तथा कुनै कार्ययोजना, नीति, कार्यक्रम, परियोजना र कानुनको मूल्याँकनमा समावेश गर्ने प्रक्रिया हो ।

- महिला तथा पुरुष दुवैको आवाज समावेश गर्दै महिलाहरूको विषेश आवश्यकताहरू प्रतिबिम्बित हुने खालको उपयुक्त कानुन, नीति, कार्यक्रम तथा योजना निर्माण गरेर तिनका हित सम्बोधन गर्ने गरी बजेटको व्यवस्था गर्नुका साथै त्यस्ता नीति, कार्यक्रम कार्यान्वयन गर्नु जलवायु परिवर्तनमा लैंगिक मूलप्रवाहीकरणको एउटा प्रमुख उद्देश्य हो ।

- साथै सबै किसिमका विभेद विरुद्ध लड्नका निम्ति महिला र पुरुषबीचको समानतालाई प्रबर्द्धन गर्ने यो एउटा रणनीति हो ।

## लैंगिक मूलप्रवाहीकरणको अवधारणा




**चित्रः** लैंगिक मूलप्रवाहीकरणको धारणा

### लैंगिक मूलप्रवाहीकरण बारे तपाईंको बुझाई लेख्नुहोस् ।

१. ..........................................................................................

..........................................................................................

२. ..........................................................................................

..........................................................................................

३. ..........................................................................................

..........................................................................................

..........................................................................................

## जलवायु परिवर्तनमा लैंगिक मूलप्रवाहीकरण किन आवश्यक छ?




**चित्रः** जलवायु परिवर्तनमा लैंगिक मूलप्रवाहीकरण किन महत्वपूर्ण छ भनी यसले प्रस्ट पार्दछ ।

**जलवायु परिवर्तनमा लैंगिक मूलप्रवाहीकरण किन महत्वपूर्ण छ भन्ने बारेमा तपाईंको बुझाई लेख्नुहोस् ।**

१. ..................................................

२. ..................................................

३. ..................................................

## लैंगिक मूलप्रवाहीकरणको प्रवेश बिन्दु

| | |
|---|---|
| जीविकोपार्जन | आय, शिक्षा, स्वास्थ्य, भूमि अधिकार, र अरू स्रोतसाधनमा समान पहुँचका साथै सामाजिक र आर्थिक अबरोधहरूको उचित सम्बोधन । |
| आर्थिक अवसर | न्यून-कार्बन प्रविधिमा महिलाको पहुँच बढाउन तथा आय आर्जनका अवसरबाट लाभ लिन । |
| एजेन्सी | निर्णय प्रकृयामा महिलालाई सशक्तीकरण र प्रोत्साहित गर्न तथा उनीहरूलाई आफ्ना आवश्यकता र सरोकार बमोजिम स्रोतमाथिको नियन्त्रण कायम गर्न । |
| आवाज | महिला सरोकारवालाहरू र महिलाका संस्थाहरूलाई सबै तहका नीति निर्माण र छलफलमा सहभागी गराउन । |

*(Source: Training Manual to Support Country-Driven Gender and Climate Change. Policies, Strategies and Program Development, ADB 2015)*

### लैंगिक मूलप्रवाहीकरणका लागि अरू सम्भाव्य मुख्य बुँदाहरू के हुन सक्छन् ?

१. ..............................................................................................................

..............................................................................................................

२. ..............................................................................................................

..............................................................................................................

३. ..............................................................................................................

..............................................................................................................

# सन्दर्भ सामग्री


- ADB. (2015). Training Manual to Support Country-Driven Gender and Climate Change. Policies, Strategies and Program Development. Asian Development Bank
- CCNN. (2011). Climate Change Training Manual: An Easy Guide for Teachers. Climate Change Network Nepal
- ICIMOD.(2011). *Glacial lakes and glacial Lake Outburstfloods in Nepal*. Kathmandu: International Centre for Integrated Mountain Development
- IPCC.(2001).*Climate Change 2001: The Scientific Basis. Contribution of Working Group I to the Third Assessment Report of the Intergovernmental Panel on Climate Change* [Houghton, J.T.,Y. Ding, D.J. Griggs, M. Noguer, P.J. van der Linden, X. Dai, K.Maskell, and C.A. Johnson (eds.)]. Cambridge University Press, Cambridge, United Kingdom and New York, NY, USA, 881pp
- IPCC. (2013). Climate Change 2013: The Physical Science Basis. Contribution of Working Group I to the Fifth Assessment Report of the Intergovernmental Panel on Climate Change [Stocker, T.F., D. Qin, G.-K. Plattner, M. Tignor, S.K. Allen, J. Boschung, A. Nauels, Y. Xia, V. Bex and P.M. Midgley (eds.)]. Cambridge University Press, Cambridge, United Kingdom and New York, NY, USA, 1535 pp.
- IPCC. (2014).*Climate Change 2014: Impacts, Adaptation, and Vulnerability. Summaries, Frequently Asked Questions, and Cross-Chapter Boxes. A Contribution of Working Group II to the Fifth Assessment Report of the Intergovernmental Panel on Climate Change* [Field, C.B., V.R. Barros,D.J. Dokken, K.J. Mach, M.D. Mastrandrea, T.E. Bilir, M. Chatterjee, K.L. Ebi, Y.O. Estrada, R.C. Genova, B. Girma, E.S. Kissel, A.N. Levy,S. MacCracken,P.R. Mastrandrea, and L.L. White (eds.)]. World Meteorological Organization, Geneva, Switzerland, 190 pp.(in Arabic, Chinese, English, French, Russian, and Spanish)

- IPCC. (2018). Summary for Policymakers. In: Global warming of 1.5°C. An IPCC Special Report on the impacts of global warming of 1.5°C above pre-industrial levels and related global greenhouse gas emission pathways, in the context of strengthening the global response to the threat of climate change, sustainable development, and efforts to eradicate poverty [V. Masson-Delmotte, P. Zhai, H. O. Pörtner, D. Roberts, J. Skea, P. R. Shukla,A. Pirani, W. Moufouma-Okia, C. Péan, R. Pidcock, S. Connors, J. B. R. Matthews, Y. Chen, X. Zhou, M. I. Gomis,E. Lonnoy, T. Maycock, M. Tignor, T. Waterfield (eds.)]. World Meteorological Organization, Geneva, Switzerland, 32 pp.

- Khadka. N, Zhang. G and Thakuri. S. (2018). Glacial Lakes in the Nepal Himalaya: Inventory and Decadal Dynamics (1977–2017). Remote Sens. 2018, 10, 1913; doi: 10.3390/rs10121913. www.mdpi.com/journal/remotesensing

- MoPE. (2017). Synthesis of Stocktaking Report for National Adaptation Plan (NAP) Formulation Process in Nepal. Ministry of Population and Environment, Kathmandu

- NASA GISS. (n.d.). GISS Surface Temperature Analysis. National Aeronautics and Space Administration: Goddard Institute for Space Studies. Accessed on November 05 2018

- PRC. (2018). Gender and Climate Change: An Overview of National and International Context. Briefing Paper. Prakriti Resources Centre, Kathmandu

- UNDP.(2011). Overview of linkages between gender and climate change. Policy Brief. UNDP Asia-Pacific Human Development Report 2011. United Nations Development Programme

- UNFCCC. (1992).United Nations Framework Convention on Climate Change https://unfccc.int/files/essential_background/background_publications_htmlpdf/application/pdf/conveng.pdf

- WEDO. (2009).Gender and Climate change-Why women's perspective matter. Women's Environment and Development Organization- https://www.wedo.org/wp-content/uploads/gender-and-climate-change.ppt

**प्रकृति रिसोर्सेस सेन्टर**
१०७/२२ अरुणा लामा मार्ग, गणेश वस्ती,
नारायण गोपाल चोक, काठमाडौं, नेपाल